## समालोचनात्मक चिन्तन

समालोचनात्मक चिन्तन अन्तरगत मुख्यतः Compare (explaining similarities), Contrast (explaining differences), analyze (break into parts), categorize (identify types), evaluate (tell the value) सिपहरु पर्छन् । सिकाइमा यी सिपहरु विकास अति नै महत्वपूर्ण हुन्छ । त्यसैले हाम्रा शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीहरुमा यी सिपहरु विकास गर्ने दिशामा ख्याल गर्नु पर्छ। समालोचनात्मक चिन्तनका रणनीतिहरु तीन चरणमा प्रयोग गरिन्छ। जसलाई पाठ योजनाको ए बि सी फ्रेमवर्क भनिन्छ।

## ए बि सी फ्रेमवर्क

समालोचनात्मक सोचाइ सीप विकासको लागि कक्षाकोठामा हुने शिक्षण सिकाइ ए बि सी फ्रेमवर्कअनुसार तीन चरणमा सञ्चालन गर्नु आवश्यक हुन्छ। यहाँ ए बि सी भनेको (उत्सुकता जगाउने), (ज्ञान निर्माण गर्ने), (सुदृढिकरण गर्ने) हो।

## उत्सुकता जगाउने (Anticipation):

हरेक पाठ यस चरणबाट सुरु हुन्छ। यस चरणमा विद्यार्थीहरूलाई आफूले पढ्न लागेको पाठको बारेमा सोच्न लगाइन्छ। यस चरणमा निम्नलिखित कार्य हुन्छन्:

(१) पूर्व ज्ञानको स्मरण गर्ने

(२) पूर्वधारणाको लेखाजोखा गर्ने (गलत धारणासमेत)

(३) सिकाइको उद्देश्य तय गर्ने

(४) विषयप्रति ध्यान केन्द्रित गर्ने

(५) नयाँ विचारको बुझाइका लागि सन्दर्भ प्रदान गर्ने आदि

## ज्ञान निर्माण (Building knowledge):

पाठ सुरु भए पछि शिक्षणले विद्यार्थीहरूलाई खोजी गर्न, सामग्रीको अर्थ लगाउन, पहिलेको प्रश्नको उत्तर दिन, तथा नयाँ प्रश्न र सोको उत्तर खोज्न अग्रसर गराउँदछ। यस चरणमा निम्नलिखित कार्य हुन्छन्:

(१) अपेक्षालाई सिकाइ साग दाँज्ने

(२) अपेक्षाको पुनरावलोकन गर्ने

(३) मुख्य वुादा पहिचान गर्ने

(४) व्यक्तिगत सोचाइको अनुगमन गर्ने

(५) सामग्रीका बारेमा अनुमान गर्ने

(६) पाठसाग व्यक्तिगत सम्बन्ध स्थापित गर्ने

(७) पाठकाबारेमा प्रश्न उठाउने आदि ।

**सुदृढीकरण गर्ने (Consolidation):**

पाठको अन्त्यतिर विद्यार्थीहरूले पाठको भाव बुझीसकेपछि पनि केही गर्नुपर्ने हुन्छ । जस्तैः सिकेको कुराको प्रतिविम्वन गर्ने, त्यसको आफ्नो जीवनमा अर्थ खोज्ने, त्यसले आफ्नो सोचलाई कसरी परिवर्तन गर्दछ भन्ने मनन गर्ने आदि । यस चरणमा निम्नलिखित कार्य हुन्छन्:

(१) मुख्य विचारको सारास निकाल्ने

(२) विचार अर्थ्याउने

(३) विचार आदान प्रदान गर्ने

(४) व्यक्तिगत प्रतिक्रिया दिने

(५) विचारको परीक्षण गर्ने

(६) सिकाइको लेखाजोखा गर्ने

(७) थप प्रश्न सोध्ने आदि

शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा हरेक चरणका क्रियाकलापका लागि उपयुक्त रणनीतिहरू प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा हुने सिकाइलाई सक्रिय बनाई समालोचनात्मक सीप विकासका लागि उपयुक्त रणनीतिको छनोट र प्रयोग आवश्यक हुन्छ । समालोचनात्मक सीप विकासका लागि विद्यार्थीहरूको भूमिका पनि महत्वपूर्ण मानिन्छ । यसका लागि उनीहरूमा निम्नलिखित कुराहरू हुनुपर्दछ :

(१) आत्मविश्वास (२) सक्रिय सहभागिता (३) आदानप्रदान (Sharing) (४) सक्रिय सुनाइ

**विभिन्न चरणका लागि रणनीतिहरू**

**क) उत्सुकता जगाउने चरण (Anticipation phase)**

- द्रुत लेखन (Quick write)
- मष्तिष्क मन्थन(Brain storming)
- सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (Think pair share)
- शव्दावलीबाट अनुमान (Predicting by terms)

- जानेको/जान्न चाहेको/सिकेको (Know/want to know/learn)
- मिसिने/अडिने/जोडी बनाइ अन्तरक्रिया गर्ने (Mix, freeze, pair)
- यताउती हिड्दै अन्तरक्रिया गर्ने (Walk around/talk around)
- एम चार्ट, टि चार्ट
- एउटा दिने, एउटा लिने (Give one take one)
- अडियो भिडियो देखाउने र जानकारी notice गर्न लगाउने आदि

**ख) ज्ञान निर्माण गर्ने चरण (Building knowledge phase)**

- निर्देशित सुनाइ/पढाइ/हेराइ सोचाइ क्रियाकलाप (Directed Listening/reading/ watching thinking activity)
- जोडीमा पढाइ जोडीमा सारांस (Paired reading paired summarizing )
- अनुरोध विधि (The request procedure)
- प्रयोग (Experiment)
- परस्पर शिक्षण (Reciprocal teaching)
- घटना अध्ययन (Case study)
- जिग्स (Jigsaw)
- एकजना रहने अरु हिड्ने (One stay other stray)
- ग्यालरी हिडाइ (Gallery walk)
- ग्राफिटी (Graffiti)
- लघु प्रवचन (Mini lecture) र समुह कार्य
- बुँदा सङ्केत सहित पढाइ (Reading with text coding) र वुँदा उपर छलफल

**ग) सुदृढीकरण गर्ने चरण (Consolidation phase)**

- द्रुत लेखन (Quick write)

- मूल्य रेखा (Value line)
- ्बादविवाद (Debate)
- भूमिका अभिनय (Role play)
- नाटक (Drama)
- मिसिने/अडिने/जोडी बनाइ अन्तरक्रिया गर्ने (Mix-freeze-pair)
- बीचमा कलम (Pens in middle)
- जानेको/जान्न चाहेको/सिकेको (Know/want to know/learn)
- यताउती हिड्दै अन्तरक्रिया गर्ने (Walk around/talk around)
- तातो कुर्सी (Hot chair)
- सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (Think pair share)

**शिक्षण रणनीतिका उदाहण र प्रयोग गर्ने तरीका**

**द्रुत लेखन (Quick write):** कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई निश्चित समय तोकी व्यक्तिगतरुपमा लेख्न लगाउने ।

**मष्तिष्क मन्थन(Brain storming):** प्रश्न सोधी विद्यार्थीका उत्तरहरू जस्ताको तस्तै बोर्डमा टिपोट गर्ने ।

**सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (Think pair share):** कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगतरुपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

**शव्दावलीबाट अनुमान (Predicting by terms):** कथा/पाठ पढाउनु अघि त्यस कथा/पाठमा भएका शब्दहरू दिई त्यसबाट नयाँ कथा/पाठ बनाउन लगाउने ।

**जानेको/जान्न चाहेको/सिकेको (Know/want to know/learn):** बोर्डमा तीन स्तम्भ भएको तालिका कोरी पहिलो स्तम्भको शीर्षमा “जानेको”, दोस्रो स्तम्भको शीर्षमा “जान्न चाहेको” र तेस्रो स्तम्भको शीर्षमा “सिकेको” भन्ने कुरा लेख्ने । विद्यार्थीहरूलाई शिक्षण गर्न लागेको विषयवस्तुसँग

सम्बन्धित प्रश्न सोधी उत्तरहरू "जानेको" स्तम्भमा लेख्ने । विद्यार्थीहरूलाई उक्त विषयवस्तुमा केके कुरा जान्न चाहन्छन भन्ने प्रश्न राखी उत्तरहरू "जान्न चाहेको" स्तम्भमा लेख्ने । कुनै सिकाइ रणनीति प्रयोग गरी शिक्षण गर्ने र शिक्षणको अन्त्यमा "सिकेको" स्तम्भमा उनीहरूले पाठपढेर जानेको कुरा लेख्न लगाउने ।

**मिसिने/अडिने/जोडी बनाइ अन्तरक्रिया गर्ने (Mix,freeze, pair):** सबै विद्यार्थीहरू कुनै ठाउँमा उभिने, शिक्षकको सङकेतअनुसार मिसिने, अडिने, नजिकको साथीसँग जोडी बनाउने र दिइएको विषयवस्तु/प्रश्नमा एकआपसमा उभिएर अन्तरक्रिया गर्ने, शिक्षकको सङ्केत अनुसार पुन उक्त क्रियाकलाप दोहोरयाउने र अर्को विषयवस्तु/प्रश्नमा अर्को साथीसँग एक आपसमा अन्तरक्रिया गर्ने ।

**यताउती हिड्दै अन्तरक्रिया गर्ने (Walk around/talk around):** सबै विद्यार्थीहरू कुनै ठाउँमा उभिने, दिइएको विषयवस्तु/प्रश्नमा यताउती हिँड्दै दुइ वा सोभन्दा धेरै जनासँग अन्तरक्रिया गर्ने ।

टि चार्ट : दुईओटा स्तम्भ भएको चार्ट बनाइ विद्यार्थीहरूका विचारहरू लेख्ने वा लेख्न लगाउने । जस्तै फाइदा-बेफाइदा, सकारात्मक पक्ष-नकारात्मक पक्ष आदि

**एम चार्ट :** तीनओटा स्तम्भ भएको चार्ट बनाइ विद्यार्थीहरूका विचारहरू लेख्ने वा लेख्न लगाउने ।

**एउटा दिने, एउटा लिने (Give one take one):** विद्यार्थीहलाई कुनै विषयवस्तु/प्रश्न दिइ बुँदागत रुपमा केही बुँदाहरू लेख्न लगाउने । बुँदाहरू लेखिएको कापी र कलम लिई सबैलाई अगाडि उभिन लगाउने । अर्को साथीसँग बूँदाहरू share गर्न र एउटा बुँदा लिन र एउटा दिन लगाउने । यस्तो अन्तरक्रिया अन्य बढीभन्दा बढी साथीहरूसँग गर्न लगाउने ।

**निर्देशित सुनाइ सोचाइ क्रियाकलाप (Directed Listening thinking activity):** शिक्षकले कथा वा कुनै विषयवस्तु भन्ने/बताउने क्रममा केही भाग भन्ने त्यस बारेमा प्रश्न सोध्ने, त्यसपछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने (सोच्ने मौका दिने), अर्को भाग भन्ने त्यही प्रक्रिया दोहोरयाउने, अर्को भाग भन्ने त्यही प्रक्रिया दोहोरयाउने ।

**निर्देशित पढाइ सोचाइ क्रियाकलाप (Directed reading thinking activity):** कुनै विषयवस्तुको केही भाग विद्यार्थीहरूलाई पढ्न लगाउने, त्यस बारेमा प्रश्न सोध्ने, त्यस पछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने, त्यसैगरी बाँकी भागहरू पढ्न लगाउने त्यही प्रक्रिया दोहोऱ्याउने ।

**निर्देशित हेराइ सोचाइ क्रियाकलाप (Directed watching thinking activity):** शिक्षकले कुनै visual देखाउने क्रममा केही भाग देखाउने (हेर्ने अवसर दिने), त्यस बारेमा प्रश्न सोध्ने, त्यस पछि के

हुन्छ होला भनी अनुमान गर्न लगाउने, त्यसैगरी बाँकी भागहरूका लागि पनि त्यही प्रक्रिया दोहोरयाउने ।

**जोडीमा पढाइ जोडीमा साराँस (Paired reading paired summarizing):** विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषयवस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एकजनाले पढ्ने र साराँश निकाल्ने अर्कोले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने ।

**अनुरोध विधि (The request procedure):** विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषयवस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एकजनाले पढ्ने अर्कोले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने । (यसमा साराँश निकाल्नु पर्दैन)

**परस्पर शिक्षण (Reciprocal teaching):** विद्यार्थीहरूलाई समूहमा राखी कुनै विषयवस्तुका बारेमा लेखिएको सामग्री दिने । समूहका सदस्यहरूलाई पालैपालो निम्नलिखित क्रियाकलाप गर्न लगाउने ।

- अनुच्छेद पढ्ने
- साराँश निकाल्ने
- प्रश्न सोध्ने (समूहका अन्य सदस्यहरूले उत्तर दिने)
- कठीन कुरा भएमा स्पष्ट पार्ने
- अव के हुन्छ भन्ने अर्थात् अनुमान गर्न लगाउने खालको प्रश्न सोध्ने (समूहका अन्य सदस्यहरूले उत्तर दिने) ।

**एकजना रहने अरु हिड्ने (One stay other stray):** समूह कार्य दिने र अन्त्यमा हरेक समूहका एक जना सदस्यले अरु समूहका सदस्यहरू आएको बेला आफ्नो समूहको कार्यको प्रस्तुती गर्ने अन्य सदस्यहरू अरु समूहको कार्य हेर्न जाने । (पालै पालो)

**ग्राफिटी (Graffiti):** समूहलाई फरकफरक कार्य दिने (न्युजप्रिन्टमा लेख्न लगाउने), केही समय पछि एउटा समूहको न्युजप्रिन्ट पालैपालो अर्को समूहलाई दिने, ती समूहले नपुग लागेको कुरा थप्ने । यसरी

हरेक समूहको न्युजप्रिन्ट हरेक समूहमा पुगेर थप कुरा लेखी सकेपछि सम्बन्धि समूहलाई अन्यसमूहको थप कुरा सहित प्रस्तुत गर्न लगाउने

**बुँदा सङ्केत सहित पढाइ (Reading with text coding):** कुनै विषयवस्तु पढ्न दिने र कठीन वा महत्वपूर्ण शव्द वा शव्दावली वा बाक्यको मुनी रेखा तानेर वा अन्य कुनै तरीकाले सङकेत गर्न लगाउने ।

**मूल्य रेखा (Value line):** बादविवादका लागि उपयुक्त हुने खालको कुनै मुद्दा/विषयवस्तु दिने, विद्यार्थीहरूलाई सहमत हुनेजति एकठाउँमा र असहमत हुने जति अर्कोठाउँमा उभिन लगाउने । हरेक समूहले तर्क राखी अर्को समूहका साथीलाई आफू तिर तान्न मौका दिने ।

**बीचमा कलम (Pens in middle):** समूहका हरेक सदस्यलाई कुनै विषयवस्तुमा कुरा राखीसकेपछि सङकेत स्वरुप एउटा कलम राख्न लगाउने, अन्त्यमा शिक्षकले कुनै कलम उठाउने र जसको कलम हो उसैले आफूले पहिले राखेको कुरा पुनः बताउने ।

**तातो कुर्सी (Hot chair):** कुनै विषयवस्तु पढ्न दिने र त्यसबाट प्रश्न बनाउन लगाउने । सहभागीहरूमध्ये केहीलाई पालैपालो अगाडि बोलाई एउटा कुर्चीं (तातो कुर्चीं, साङकेतिक रुपमा) मा बस्न लगाउने । अन्य साथीहरूले पालैपालो प्रश्न सोध्ने र उसले सबैको प्रश्नको उत्तर पालैपालो दिनुपर्ने ।

**केही रचनात्मक खेलहरु**

१. शब्दार्थ अनुमान

कसका लागि : कक्षा ३ देखि माथि

के का लागि : भाषा शिक्षण

कसरी ?

- पाठमा प्रयोग भएका नयाँ शब्दहरुको सुची तयार पार्नुहोस् । (शब्द सुची)
- प्रत्येक शब्दलाई कम्तिमा ३ वटा वाक्यमा प्रयोग गर्नुहोस् । (वाक्य सुची)
- प्रत्येक विद्यार्थीलाई दुवै सुचीहरु उपलब्ध गराउनुहोस् । (सवैले देख्ने गरी Display गर्न पनि सकिन्छ ।)

- वाक्यमा प्रयोग भएको आधारमा प्रत्येक विद्यार्थीले शब्दहरुको अर्थ अनुमान गर्नेछन् ।
- अव, विद्यार्थीलाई ४।४ जनाको समुहमा विभाजन गरी अनुमानको sharing गर्न लगाउनुहोस् ।
- sharing बाट उत्कृष्ठ अनुमानहरुको छनौट गर्न लगाउने र कक्षामा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रस्तुतीकरणको मुल्याङ्कन र पृष्ठपोषण गर्नुहोस् ।

२. स्मरण गर्न यसरी सिकाउँ

कसका लागि : पूर्व प्राथामिक र प्राथमिक

के का लागि : फलफुलका नामहरु स्मरण गराउन ।

चाहिने सामाग्रीहरु : वल

समुहमा सहभागी संख्या : १०।१२ जना

कसरी ?

- विद्यार्थीहरुलाई गोलो घेरामा राख्नुहोस् ।
- शिक्षकले बल हातमा लिई कुनै फलफुलको नाम उच्चारण गरी नजिकैको एक विद्यार्थीलाई बल पास गर्ने ।
- विद्यार्थीहरुले पालै पालो एक एक वटा फलफुलको नाम भन्दै सँगैको साथीलाई बल पास गर्नेछन् ।
- यसरी नै नाम नदोहोऱ्याइ पुरै घेरामा बल पास गर्दै फलफुलको नाम भन्न लगाउने ।
- अव उच्चारण भएको नाम प्रत्येक विद्यार्थीले कति कति वटा स्मरण गर्न सके पालैपालो भन्न लगाउने ।
- धेरै भन्दा धेरै भन्न सक्ने वनाउन विच विचमा wel done, come on, good, very good, जस्ता शब्दहरुले उत्साह थप्दै जानुहोस ।

  variations

  क. विद्यार्थी संख्या धेरै भएमा दुई समुह वनाई खेलमा सहभागीहुने समुह learning group लाई विचको घेरामा र अर्को समुह observer group लाई learning group को वरिपरि वाहिरी घेरामा राख्ने । समुहको भूमिका परिवर्तन गरी फेरी खेलाउने ।

ख. विद्यार्थीको स्तर अनुसार विषयवस्तु फरक फरक छनौट गर्ने । जस्तै domestic animals, wild animals, हिमालको नाम, तत्वको नाम संकेत तथा पारमाणविक सँख्या, A-Z, क देखि ज्ञ आदि ।

ग. अग्रेजी विषयमा नाम मात्र नभनी spelling समेत भन्न लगाउन सकिन्छ ।

३. प्रश्नोत्तर विधिवाट शिक्षण (RSQ)

कसका लागि : निमावि र मावि तह

के का लागि : पाठ पत्र अध्ययन गरेर प्रश्न वनाउने तथा उत्तर दिने सिप विकास

सहभागी सँख्या : जति पनि हुन सक्छ ।

कसरी ?

- प्रश्नोत्तर गरिने पाठ १० मिनेट पढ्न लगाउने ।
- नयाँ शब्दहरु वा वाक्यहरु भए सोध्न उत्प्रेरित गर्ने र सहजीकरण गर्ने ।
- पाठको साराम्श समुहमा छलफल गराउने ।
- ५ मिनेट समय दिई पाठ सँग सम्वन्धित सके सम्म धेरै प्रश्न तयार गर्न लगाउने ।
- अव विद्यार्थीहरुलाई उत्तरकर्ताको रुपमा गोलो घेरामा राख्ने, एक जनालाई प्रश्नकर्ताको रुपमा विचमा उभ्याउने ।
- प्रश्नकर्ताले गरेको प्रश्नको उत्तर सवभन्दा पहिले हात उठाउनेले उत्तर दिने, उत्तर सहि भएमा एक स्टेप दाँया रहेको साथीलाई विस्थापित गर्नेछ । उत्तर सही नभएमा अर्कोको उत्तर अन्य विद्यार्थीले दिनेछन् । उत्तर सही भयो वा भएन भनी प्रश्नकर्ताले भन्नेछन् र समस्या आएमा शिक्षकले सहयोग गरिदिनु पर्छ ।
- प्रश्नकर्ता उत्तरकर्ताको स्थानमा उभिनेछ र विस्थापित विद्यार्थी प्रश्नकर्ताको रुपमा विचमा जानेछ ।
- सकभर प्रश्न नदोहोऱ्याउन विद्यार्थीहरुलाई सचेत गराउनु पर्छ ।
- सवै विद्यार्थीहरुको प्रश्न गर्ने पालो नपुगे सम्म खेल दोहोऱ्याउनु पर्छ ।

- सवै विद्यार्थीहरुलाई उत्तर दिन प्रोत्साहित गनुहोस् । सवै भन्दा धेरै स्टेप अगाडी जान सफल हुनेले खेल जित्छ ।

४. जोडीमा परिचय

कसका लागि : प्राथमिक र पूर्व प्राथमिक तह

के का लागि : साथीहरु विच परिचित हुन तथा अभिब्यक्ति क्षमता विकास

कहिले : शैक्षिक वर्षको शुरुमा उचित हुने

सहभागी सँख्या : कक्षाका सवै विद्यार्थीहरु

कसरी ?

- विद्याथीहरुलाई २।२ जनाको जोडी वनाउने र एक अर्काको नाम, थर, ठेगाना, मनपर्ने पेसा आदि ब्यक्तिगत विवरण वारे जानकारी लिनेछन् । (कक्षाको स्तर अनुसार विवरण धेरै थोरै समेट्न सकिन्छ ।)
- अव आफ्नो साथीको परिचय पुरै कक्षामा पालै पालो गराउने ।
- ४।५ कक्षाका विद्यार्थीहरुलाई खेलाउँदा २।२ वटा जोडीलाई मिलाएर ४ जनाको समुह वनाई प्रत्येकलाई आफ्नो समुहका वाँकी सवैको परिचय दिन लगाउन सकिन्छ ।

५. यताउती डुल्दै कुराकानी

कसका लागि : कक्षा ३ देखि १०

के का लागि : साथीको वारेमा जान्न र पढेका कुरा recap गर्न

सहभागी सँख्या : कक्षाका पुरै विद्यार्थी

आवस्यक सामाग्री : music वजाउन मिल्ने कम्प्युटर वा मोवाईल

कसरी ?

- विद्यार्थीहरु खुला ठाँउमा यताउती छरिएर रहेका हुन्छन् ।
- Music वज्न थालेपछि स्वतन्त्र रुपमा हिडडुल गर्छन् । रोकिएपछि जुन साथी face to face भेट हुन्छ उसका वारेमा वा पाठमा पढेको विषवस्तुको वारेमा सोधखोज गर्छन् ।

- फेरी music वज्न थालेपछि हिडडुल गर्न थाल्छन् र रोकिएपछि अघि भैं कुराकानी गर्छन् ।
- उपलब्ध समय र पाठको विषय वस्तुको गहनता अनुसार यो प्रकृया दोहोऱ्याईरहनु पर्छ ।
- अन्तमा, साथीहरु सँग के के कुराकानी हरु भए भनी एक तिहाई विद्‌यार्थीहरुको अनुभव प्रस्तुत गर्न लगाउने ।

६. सोच्न वाध्य गराउनुहोस् ।

कसका लागि : जुन सुकै कक्षाका विद्‌यार्थी

के का लागि : स्वतन्त्र सोचाई र समालोचनात्मक चिन्तन सिप विकास

सहभागी सँख्या : कक्षाका पुरै विद्‌यार्थी

कसरी ?

- कुनै एक स्वतन्त्र समस्या प्रस्तुत गर्नुहोस् । जस्तै भोक लागेको समयमा तिमीले भोक मेट्न के के गर्छौ ?, कक्षामा first हुदाँको वखत खुसी कसरी मनाउँछौ ?, फेल भएर आमा रिसाउनु हुँदा कसरी फकाउँछौ ?, कुलतमा फस्न लागेको साथीलाई कसरी वचाउँछौ ? आदि । कक्षा अनुसार समस्या छनौट गर्न सकिन्छ ।
- ५ मिनेटको समय दिने र ५ देखि १० वटा Idea हरु प्रत्येकलाई सोच्न लगाउने ।
- अर्को ५ मिनेटमा जोडी साथी सँग Idea साटासाट तथा छलफल गरी उत्कृष्ट idea हरु टिपोट गर्ने ।
- प्रत्येक जोडीले नदोहोरिने गरी आ-आफ्नो तरिकाहरु प्रस्तुत गर्ने ।
- प्रस्तुतीको आधारमा अन्तमा उक्त समस्या समाधानका उपायहरु शिक्षकले संक्षपिकरण गरिदिने ।
- यसलाई पाठको शुरुमा brain storming गर्न पनि प्रयोग गर्न सकिन्छ ।

७. Tag games

कसका लागि : variation गराएर सवै कक्षाका लागि खेलाउन सकिन्छ ।

के का लागि : क्रमागत आउने कुरा सिकाउन, antonym, synonym सिकाउन, number name आदि matching सिकाउन  आदि विविध कुरा सिकाउन सकिने ।

सामाग्री : writing marker, white sheet या flash cards आदि ।

कसरी ?

क) Number "1" to "10" र number name "One" to "Ten" सिकाउन

सहभागी सँख्या : २० जना

- तयारी : 1 देखि 10 सम्म र One देखि Ten सम्म लेखिएको tag तयार गर्ने (flash card मा)
- प्रत्येक लाई एउटा tag वितरण गर्ने ।
- Number सँग number name को maching हुने गरी आफ्नो साथी खोज्न लगाउनुहोस् ।
- सवैको जोडी वनेपछि जोडी सदस्य सँगै पर्ने गरी विद्याथीहरुलाईगोलो घेरामा राख्ने ।
- प्रत्येक जोडीलाई आ-आफ्नो tag उच्चारण गर्न लगाउने ।
- एक जना लाई घेरावाट भित्र विचमा पठाई क्रमश 1- One, 2- Two, .......... दोहोऱ्याउन लगाउने ।
- यसै गरी अर्को विद्यार्थीलाई विचमा पठाउने ।

ख) English Alphabet सिकाउन

सहभागी सँख्या : २६ भन्दा वढि

- तयारी : square flash card मा A देखि B सम्म लेख्ने ।
- २६ जना लाई एक एक वटा letter tag छातीमा टाँसीदिने ।
- विद्यार्थीहरुलाई क्रमश A देखि Z सम्म लाइनमा मिल्न भन्ने ।
- लाइन भन्दा ठिक अगाडी एउटा रेखा कोर्ने र रेखाका साइडमा एक जनालाई अवलोकन कर्ता उभिन लगाउने । लाइन क्रमश अघि वढ्छ, अवलोकन कर्ता विद्यार्थीले रेखा कटेको tag उच्चारण गर्नेछ ।

- २६ जना नै लाइन कटेपछि अर्को विद्यार्थीलाई अवलोकन कर्ताको रुपमा राख्ने ।
- यसै गरी २६ जना भन्दा वाँकी सवै विद्यार्थीहरुको पालो सकिएपछि वाँकी विद्यार्थीलाई tag लगाइदिने tag लगाउनेहरुलाई अवलोकनकर्ता वनाउने ।
- कमश सवै विद्याथीहरुलाई अवलोकन कर्ता वनाइ सकेपछि, अव A to Z कमश नभई randomly उभिन लगाउने र प्रकृया दोहोऱ्याउने ।

ग) समानार्थी शब्द सिकाउन ।

सहभागी सँख्या : आवस्यकता अनुसार

- तयारी : आवस्यकता flash card मा अनुसार समानार्थी शब्दहरु लेख्नुहोस् ।
- हरेकलाई card वितरण गर्ने ।
- विद्यार्थीहरुले समान अर्थ लाग्ने शब्दहरुको जोडी खोज्नेछन् ।
- प्रत्येक जोडीले आ-आफ्नो समानार्थी शब्द सवैले सुन्ने गरी उच्चारण गर्नेछन् ।
- जोडी नछुट्ने गरी घेरामा उभ्याउने, जाडी वाहेकका एक जना (tag नभएका) लाई विचमा राखेर कमश सवै शब्दहरु र त्यसको समानार्थी शब्दहरु उच्चारण गर्नेछन् ।

८. Listening games

क) I said ……

- विद्याथीहरुले शिक्षकका निर्देशन अनुसार अनुकरण गर्दै जानेछन् । जस्तै : 'stand up', 'sit down', 'touch your head', आदि ।
- तर जब शिक्षकले I said ……….. (I said पछिको निर्देशन अनुकरण गर्न नहुने) निर्देशन भने अनुकरण गरेमा उ खेलवाट निस्काशन हुन्छ ।
- अन्तमा जो वाँकी रहन्छ, उ विजयी हुन्छ ।

ख) Do this Do that

- विद्यार्थीहरु स्वतन्त्र रुपमा उभिनेछन् ।

- शिक्षकले do this भन्दै हात माथि लैजाने, दाँया वाँया फैलाउने, टाउको छुने जस्ता कियाहरु गर्ने । यसो गर्दा विद्यार्थीहरुले पनि सँगै शिक्षकको follow गर्ने । तर शिक्षकले do that भनेर गरेको किया भने विद्यार्थीहरुले गर्नु नहुने यदि गरेमा out हुने ।
- अन्तमा जो वाँकी हुन्छ, उ winner हुनेछ ।

ग) Listen and transfer

- विद्यार्थीहरुलाई गोलो घेरामा राख्ने ।
- शिक्षकले एकजना विद्यार्थीको कानमा एउटा word of sentence साउती मारेर उच्चारण गर्ने ।
- कमश नजिकैको साथीहरुलाई त्यसरी नै वताउन भन्ने ।
- अन्तमा सुन्ने र शुरुमा सुन्ने विद्यार्थीले सुनेको कुरा सवैको अगाडी वताउने ।
- आफुले सुनेको कुरा र वास्तविक कुरा के फरक परेको छ सवैलाई मुल्याङ्कन गर्न लगाउने ।

अन्य listening activities : dictation, listening audio records and question answer आदि ।

यसरी नै नेपाली विषयको पनि खेल खेलाउन सकिन्छ ।

९. Speaking Games

क) Hello

- Hello, I am ...... (teacher's name) पाटीमा लेख्ने । यसलाई २।३ पटक उच्चारण गर्ने ।
- अव, हरेक विद्यार्थीलाई एक मिनेटको समय उपलव्ध गराउने कसले धेरैजना सँग Hello, I am .......(विद्यार्थीको नाम) भनी परिचय गर्न सक्छ उ विजेता हुन्छ ।

ख) Listen and repeat

अ) drill

- शिक्षकले सँगै दोहोऱ्याउने ।

आ) Memory game

- एक समुहमा ४।५ जना पर्ने गरी विद्यार्थीहरुलाई समुहमा विभाजन गर्ने ।
- प्रत्येक समुहलाई कुनै एक क्षेत्र सँग सम्वन्धित गराउने । जस्तै Mountain, domestic animals, wild animals, fruits, vegetables आदि ।
- एउटा समुहको एक जनाले आफु सँग सम्वन्धित क्षेत्रको एउटा नाम उच्चारण गर्छ, अर्को साथीले अघिल्लो साथीको र आफुे एउटा नाम थपेर उच्चारण गर्छ, त्यसै गरी तेस्रो साथीले अघिल्लो दुईवटा साथीहरुको र आफुले एउटा थपेर उच्चारण गर्दछ । समुहका सवैको पालो नआए सम्म यो प्रकिया चलिरहन्छ ।
- यसरी नै सवै समुहले speaking practice गर्छन् ।

ग) Picture describing

- कक्षामा सवैले देख्न सक्ने चित्र प्रस्तुत गर्ने ।
- चित्रको वारेमा पालै पालो explain गर्न लगाउने ।
- शुरु शुरुमा चित्र सरल किसिमको र कमश जटिल हुनु पर्छ ।
- सामाग्री तयारीका लागि पत्र पत्रिका वाट cut piece संकलन गर्नु पर्छ ।

घ) what is this ?

- वरपर पाइने फलफुल, ढुङ्गा, कागज, विरुवा,काठका सामाग्रीहरु आदि २० भन्दा वढि सामाग्री जम्मा गर्नुहोस् ।
- सामान देखाउँदै त्यसको नाम एक पटक शिक्षकले वताइदिनुहोस् ।
- अव पुन सामान देखाउँदै What is this ? भनी सोध्दै जानुहोस् ।
- सवै विद्यार्थीहरुले speaking गरेनगरेको ख्याल गरी कमजोरलाई प्रथमिकता दिनुहोस् ।

ङ) Material description

- कक्षामा कुनै वस्तु देखाउनुहोस् ।
- अव,  what is it ?, where is it found ?, what is its use ?, how is it use ? जस्ता थुपै प्रश्नहरु सोधी विद्यार्थीलाई वोल्न वाध्व गराउनुहोस् ।

१०. writing skill development

क) Journal publishing

- विद्यार्थीहरुलाई ५।६ जनाको समुहमा विभाजन गर्नुहोस् ।
- आवस्यक सामाग्री उपलब्ध गराई journal तयार गर्ने सम्वन्धमा orientation गर्नुहोस् ।
- प्रत्येक समुहलाई Journal को शीर्षक दिने वा छनौट गर्न लगाउने ।
- Journal मा गीत, कथा, कविता, स्थानीय समाचार, उत्तर लेख्न चाहेको प्रश्न र उत्तर, ......

११. Satellite Learning Group (SLG)

- विद्यार्थीहरुलाई प्रत्येक समुहमा ५।६ जना पर्ने गरी समुहमा विभाजन गर्ने ।
- हरेक समुहमा एक जना तुलनात्मक रुपमा राम्रो विद्यार्थीलाई Lead Learner को रुपमा छनौट गर्ने ।
- Lead Learner हरुलाई पाठ शिक्षण गर्ने अघिल्लो दिन नै समुहमा हुने छलफल कार्यमा सहजीकरण गर्न उनीहरुले खेल्नु पर्ने भूमिका वारे स्पष्ट पार्ने ।
- कक्षाकोठामा शिक्षण गर्ने क्रममा Lead Learner ले आ-आफ्नो समुहमा सिकाउने छन् । त्यस कार्यको अनुगमन शिक्षकले गर्नु पर्नेछ । Lead Learner लाई कठिनाई परेको अवस्थामा शिक्षकले सहजीकरण गरिदिनु पर्छ ।
- अन्तमा शिक्षकले निष्कर्श वताइदिने ।

१२. Predict Observe Evaluate (POE)

- कुनै प्रश्न वा जिज्ञाशा प्रति विद्यार्थीहरुलाई अनुमान गर्न लगाउने ।
- अनुमान परिक्षणका लागि विद्यार्थीहरुलाई कियाकलापमा सहभागी गर्ने ।
- अनुमान ठिक भएनभएको परिक्षण गर्ने ।

१३. ROPES (Review, orient, presentation, exercise, summary)

- Review- पाठ सँग सम्वन्धीत पूर्वज्ञानको अवस्था पत्ता लगाउने ।

- Orient- विद्यार्थीको पूर्वज्ञानको आधारमा आजको पाठ सँग सम्वन्धित गराउने ।
- presentation- पाठको प्रस्तुतीकरण गर्ने ।
- exercise- पाठ सँग सम्वन्धित थप अभ्यास गर्ने ।
- summary- पााठको संक्षेपीकरण गर्ने ।

१४. RSQ (Read, summarize Question)

- पाठ सम्वन्धी सामान्य छलफल गर्नुहोस् ।
- ब्यक्तिगत रुपमा सवैलाई पाठ पढ्न लगाउनुहोस् ।
- पाठको सारांम्श वताईदिने ।
- पढिसकेपछि विद्यार्थीलाई दुई समुहमा विभाजन गरी छोटो उत्तर आउने प्रश्नहरु तयार गर्न लगाउनुहोस् ।
- अव पाालै पालो भूमिका परिवर्तन गरी प्रश्नोत्तर गर्न लगाउनुहोस् ।

१५. Run to the wall

के का लागि : शब्दको वाक्यमा प्रयोग गर्न सिकाउन

आवस्यक तयारी : पाठका नयाँ शब्दहरुको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरी cut piece भित्ताहरुमा टाँस्ने । वाक्यमा प्रयोग भएको नयाँ शब्द underlined हुनुपर्छ ।

कसरी ?

पहिलो चरण

- ३।४ जनाको समुहमा विभाजन गर्ने ।
- विद्यार्थीहरुले निश्चित समय भित्र भित्तामा टाँसिएका cut piece मा भएका वाक्यहरु पत्ता लगाई पढेर स्मरण गर्नेछन् ।

- आ-आफ्नो स्थानमा वसी स्मरण भएको वाक्यहरु व्यक्तिगत रुपमा लेख्नेछन्, लेख्न समस्या भएमा समुहमा छलफल गर्नेछन् । जुन समुहका सवै विद्यार्थीहरुले चाँडै लेखेर सिध्याउँछन् त्यो समुह प्रथम हुन्छ ।

दोस्रो चरण

- यस चरणमा अघि लेखिएको वाक्यमा प्रयोग भएको नयाँ शब्द (underlined भएको) प्रयोग गरी अर्थ खुल्ने गरी अर्को वाक्य वनाउन लगाउने ।
- निर्धारित समयमा प्रत्येक समुहले सवै नयाँ शब्दहरुवाट वाक्य निर्माण गर्नेछन् र चार्ट पेपरमा लेखेर सवैले देख्ने गरी टाँस्नेछन् ।
- वरिपरि घुमेर प्रत्येकले सवै समुहको कार्य अवलोकन गर्न र पृष्ठपोषण लेनदेन गर्ने ।
- वाक्य लेख्दा शुद्दाशुद्दी मिले नमिलेको ख्याल गर्नुहोस् ।

१६. भगवानले रक्षा गरुन ............

के का लागि : सिकेको कुरा consolidate गर्न

तयारी : H हाइड्रोजन देखि Ne नियान सम्म लेखिएका tag कार्डहरु । एउटै संकेत ३ वा ३ भन्दा वढी कार्डमा लेखिएको हुनुपर्छ । विद्यार्थी सँख्या थोरै भए कम परमाणुहरु लिन सकिन्छ ।

कसरी ?

- विद्यार्थीहरुलाई गोलो घेरामा राखौ । सवैलाई एक एक वटा tag card अरुले देख्ने गरी टाँस्न लगाउने ।
- शिक्षकले विचमा उभिएर भगवानले रक्षा गरुन्, H भन्ने । H tag भएका हरु उठेर ठाँउ change गर्नेछन् । उठेका मध्ये एक विद्यार्थीको सिटमा शिक्षक वस्ने ।
- जुन विद्यार्थीले सिट परिवर्तन गर्न सकेन वा सिट पाएन अव उसले भगवाननले रक्षा गरुन् भनी तत्वहरुको गुण वा पारमाणविक सँख्या वा पारमाणविक भार वा नाम वा अन्य मध्ये एक गुण उच्चारण गर्ने । माथिको वुँदामा जस्तै उच्चारण भएको गुण सँग सम्वन्धित tag भएकाहरुले सिट change गर्नेछन् ।

- यसरी नै यो खेल निस्चित समय सम्म खेल्न सकिन्छ ।

**बालकेन्द्रित सिकाइ प्रक्रियामा आधारित केही नमुना क्रियाकलापहरू/पाठहरू**

**१. नाम चिन्ने खेल**

नाम चिन्ने खेलबाट घण्टीको सुरु गर्ने । यो क्रियाकलापले शैक्षिक सत्र सुरु हुने पहिलो दिनमा गराउनु पर्दछ । यो क्रियाकलापले एकआपसमा सुमधुर सम्बन्ध कायम गर्न मदत गर्दछ । अर्को क्रियाकलाप 'उपहार दिने' हुन सक्छ । बालबालिकाहरू जोडीमा काम गर्दछन्, एकअर्कासँग कुराकानी र प्रश्नहरू गर्दछन् । केही समयपछि, उनीहरूले आफ्नो साथीको बारेमा त्यो लेख्दछन् वा सम्झन्छन् त्यसपछि साथीका गुणहरू वा उपहारका बारेमा कक्षामा बताउँछन् । उनीहरूले यसरी बताउँछन्, "मेरो साथीको नाम मेरिना हो र उनीसँग रमाइलो गर्ने उपहार छ । अर्को, मेरो साथीको नाम रोहन हो र उसले कक्षामा असल स्रोताको गुण ल्याउँछ ।" यो क्रियाकलापले कक्षाकोठामा हरेक बालबालिकाले केही न केही ल्याउँछन् र यस्ता व्यक्तिगत गुणहरूको मूल्य हुन्छ भन्ने देखाउँछ ।

**क) शीर्षक : छिटो पत्ता लगाउने खेल**

समय : एक घण्टा

सामग्री : पकेटबोर्ड, दुई रङ्का ( ४/५ इन्चका ) मेटाकार्ड साइन पेन ।

पूर्वतयारी : कक्षाकोठाको एकापट्टि भित्तामा पकेटबोर्ड झुण्डयाउनुहोस् । विद्यार्थीहरूलाई पुग्ने गरी दुई रङका मेटाकार्ड र साइनपेन राख्नुहोस् ।

**तरिका :**

विद्यार्थीहरूलाई क्रमैसँग A देखि एकएकओटा अङ्ग्रेजी अक्षर भन्न लागाउनुहोस् । उनीहरूले भनेका बोर्डमा टिप्नुहोस् । विद्यार्थीहरूलाई आफूले भनेका अक्षरहरू संझिरहन भन्नुहोस् । आफूले भनेका अक्षर दुई रङका मेटाकार्डमा लेख्न लगाउनुहोस् । सबैले लेखिसकेपछि एउटा कार्ड हातमा लिन र अर्को भुइँमा राख्न लगाउनुहोस् । हातमा लिएका अक्षरकार्डहरू जम्मा गरेर एउटा सेट तयार पार्नुहोस् । यसैगरी अर्को सेट पनि तयार पार्नुहोस् । विद्यार्थीहरूको दुई समूह बनाउनुहोस् । समूहको नाम दिनुहोस् । एउटा समूहलाई पकेटबोर्डको दायाँ र अर्को समूहलाई बायाँ बस्न लगाउनुहोस् । दुबै समूहका एकएक जना बोलाएर अघि तयार पारिएको एकएक सेट अक्षर कार्डहरू दिई आआफ्नो तर्फ पर्ने गरी पकेटबोर्डमा मिलाएर राख्न लागाउनुहोस् । दुबै समूहबाट एक एक जना बोलाएर पकेटबोर्डमा राखिएका अक्षरहरू पढ्दै साथीहरूलाई पनि पढ्न लगाउनुहोस् । केही समय पढिसकेपछि खेलको नियम बताउनुहोस् ।

पकेटबोर्डको सिधा पर्ने गरीकेही पर एउटा रेखा खिच्नुहोस् । समूहबाट एकएक जना बोलाउनुहोस् र भन्नुहोस् ˝ म पकेटबोर्डको कुनै अक्षर भन्छु तपाईँहरूमध्ये जसले त्यो अक्षर झिकेर पहिले मलाई दिन्छ उसले नम्बर पाउँछ ।' । फेरि म अर्को दुई जनालाई बोलाउँछु उनीहरूले पनि त्यसै गर्नु पर्छ । ˝ अन्तिममा जसले बढी अङ्क ल्याउँछ त्यो समूहले जित्छ । नियमानुसार खेल खेलाउनुहोस् ।

**ख) शीर्षक : ध्यानाकर्षण खेल**

समय : एक घण्टा

सामग्री : पकेटबोर्ड, अक्षर पत्ती , अङ्क पत्ती, चित्र पत्ती , बोर्ड, मार्कर ।

पूर्वतयारी : कक्षाकोठाको एकापट्टि भित्तामा पकेटबोर्ड झुण्डयाउनुहोस् । पकेटबोर्डमा दशओटा चित्र पत्ती र तिनीहरूको नामसंग मिल्ने दशओटा अक्षर पत्तीहरू पाँचपाँचओटा गरी चारओटा लहरमा राख्नुहोस् । १ देखि २० सम्मका अङ्क पत्तीहरूले ती २० ओटा पत्तीहरूलाई छोपेर राख्नुहोस् ।

**तरिका :**

विद्यार्थीहरूलाई खेलखेल्ने कुरा बताउनुहोस् । उनीहरूलाई दुई बराबर सङ्ख्याका समूहमा बाँडेर समूहको नाम दिनुहोस् । बोर्डमा दुईओटा कोठा बनाएर समूहको नाम लेख्नुहोस् । पकेटबोर्ड राम्रोसंग देख्ने गरी सहभागीहरूलाई आआफ्नो समूहमा बस्न लगाउनुहोस् । खेलको नियम बताउनुहोस् । (तपाईँहरूले आफ्नो पालोमा पकेटबोर्डमा भएका अङ्कहरू एक पटकमा दुईओटा भन्नुहोस् त्यसको चित्र र अक्षर मिलेमा त्यो समूहको नम्बर आउँछ । नमिलेमा ती अङ्क पत्ती म पहिलेकै ठाउँमा राखीदिन्छु । अर्को समूहको पालो आउँछ । अर्को समूहले पनि त्यसैगरी एकपटकमा दुईओटा अङ्क भन्नुपर्छ । यसरी अङ्क पत्तीहरू नसकिएसम्म खेल चलिरहन्छ । अन्तमा जुन समूहको अङ्क धेरै आयो त्यसैको जीत हुन्छ ।) नियमानुसार खेलाउनुहोस् । खेल सकिएपछि शब्द र चित्र पत्तीलाई लहरै राखेर विद्यार्थीहरूबाटै पढाइ अभ्यास गराउनुहोस् । विद्यार्थीहरूलाई ठूलो समूहमा राखेर ती शब्द मध्ये पाँचपाँचओटा शब्द आआफ्नो कापीमा लेख्न लगाउनुहोस् । क्रियाकलाप सकिएको जानकारी गराउनुहोस् । सबैलाई आआफ्नो स्थानमा बस्न लगाउनुहोस् ।

**२. छपाइले भरिपूर्ण कक्षा**

समय : एक घण्टा

सामग्री : मेटाकार्ड, पेन्सिल, साइनपेन, क्रेयोन्स् , पञ्चिङ, धागो , किला, इरेजर, बोर्ड र मार्कर पूर्वतयारी : मेटाकार्डमा लम्बाइबाट आधा इञ्च, एक इञ्च र आधा इञ्चमा चिन्ह लगाएर तीनओटा रेखा तान्नुहोस् । माथितिर पञ्चिङले तीनओटा प्वाल पार्नुहोस् ।

**तरिका :**

विद्यार्थीहरूलाई लाइनमा बाहिर लानुहोस् । वातावरणमा भएका पाँच पाँचओटा वस्तु हेर्न लगाउनुहोस् । सबैलाई आफूसँगै भित्र लिएर आउनुहोस् । गोलो घेरामा बसाउनुहोस् । पालैपालो सबैलाई आफूले बाहिर हेरेको एक एकओटा वस्तुको नाम भन्न लगाउनुहोस् । उनीहरूले भनेका शब्द बोर्डमा टिप्दै जानुहोस् । शब्द दोहोऱ्याउन नपाउने कुरा जानकारी गराउनुहोस् । सामग्री उपलब्ध गराउनुहोस् । मेटाकार्डमा माथि आफूले भनेको वस्तुको चित्र बनाउन र तलको एक इञ्चमा दुबै धर्का छुनेगरी बस्तुको नाम लेख्न लगाउनुहोस् । भित्तामा दुईतिर किला ठोक्नुहोस् । एकातिरको किलामा धागो बाँध्नुहोस् । अर्को तिरको धागोबाट पालैपालो सबैको मेटाकार्ड उन्नुहोस् । धागोलाई तन्काएर बाँध्नुहोस् । पालैपालो आआफूले लेखेका शब्द पढ्न लगाउनुहोस् । सबैले पढिसकेपछि लाइनमा हिँडाएर सबैलाई सबै शब्द पढ्न लगाउनुहोस् ।

**३. स्तम्भ लेखाचित्र (जन्म बार )**

समय : १:३० घण्टा

सामग्री : डाइस गोटीहरू , न्यूजप्रिन्ट पेपर, चार्ट पेपर , मार्कर , मास्किङ् टेप, साइन पेन , क्रेयोन्स् ।
पूर्वतयारी : डाइस गोटीमा मास्किङ् टेप लागाउनुहोस् । न्युजप्रिन्टमा कोठा बनाएर ७ बारका नाम लेख्नुहोस् । बारका नाम तल देखाएर न्युजप्रिन्टलाई टेबुलमा राख्नुहोस् । चार्ट पेपरमा ७ बारका नाम लेखेर स्तम्भ लेखा चित्र बनाएर बोर्डमा टास्नुहोस् ।

**तरिका :**

विद्यार्थीहरूलाई एक एकओटा डाइस गोटी र साइनपेन लिन लगाउनुहोस् । टेप टाँसेको ठाउँमा आआफ्नो नाम लेख्न लगाउनुहोस् । पालैपालो अगाडि बोलाएर आफ्नो नाम र जन्मेको बार भनेर गोटीलाई जन्म बारमाथि मिलाएर थप्दै जान लगाउनुहोस् । पछि जाने साथीहरू पनि त्यही बारमा जन्मेको भए गोटीको माथि थप्दै राख्न लगाउनुहो्स् । गोटी राखेपछि चार्ट पेपरको स्तम्भमा पनि आफू जन्मेको बारमा रङ लगाउन लगाउनुहोस् । गोटीहरू राखेर बनेको स्तम्भलाई देखाउँदै एउटा प्रश्न गर्नुहोस् । जस्तै, सबैभन्दा कम साथीहरू कुन बारमा जन्मिएका रहेछन् ? सबै साथीहरूलाई यस्तै तीन तीनओटा प्रश्न बनाउन

लगाउनुहोस् । एक जनालाई एउटा प्रश्न पढ्न लगाउनुहोस् । त्यसको उत्तर दिनुपर्ने साथी तोक्न लगाउनुहोस् । उत्तर भनेपछि उसलाई आफ्नो एउटा प्रश्न पढेर उत्तर दिन साथी तोक्न लगाउनुहोस् । यसरी सबैलाई प्रश्न सोध्ने र उत्तर दिने अवसर दिनुहोस् । प्रश्नहरू सबै स्तम्भ लेखाचित्रसँग सम्बन्धित हुनुपर्छ ।

**४. शीर्षक : म कहाँबाट ?**

समय : १:०० घण्टा

सामग्री : चार्टपेपर, धागो, मेटाकार्ड , फेबिकोल ।

पूर्वतयारी : सबै विद्यार्थीहरूलाई पुग्ने गरी २ फिट जतिका धागोका टुक्रा बनाउनुहोस् । मेटाकार्डलाई काटेर स–साना घरका आकार बनाउनुहोस् । मेटाकार्डमा कक्षाकोठाको आकार काटेर चार्ट पेपरको बीचमा टाँस्नुहोस् ।

**तरिका :**

कक्षाकोठाको बीचमा विद्यालयको सङ्केत राख्नुहोस् । विद्यार्थीहरूलाई आफ्नो घर विद्यालयबाट पर्ने दिशा तर्फ उभिन लगाउनुहोस् । पालैपालो सबै जनालाई घरबाट विद्यालय आउँदा कुनकुन दिशा हुँदै कसरी आउनुपर्छ ब्याख्यान गर्दै हिँडेर देखाउन लगाउनुहोस् । सबैलाई गोलो घेरामा बसाउनुहोस् । एक एकओटा घरको आकारको मेटाकार्ड दिनुहोस् । त्यसमा आआफ्नो नाम लेख्न लगाउनुहोस् । सबैजनालाई पालैपालो आएर आफ्नो घर विद्यालयबाट पर्ने दिशामा दूरीअनुसार धागो लगाएर टाँस्न लगाउनुहोस् । चार्ट पेपरलाई कक्षाकोठाको भित्तामा टाँस्नुहोस् ।

**५. शीर्षक : जाउ खेल, सरसफाइ खेल**

समय : १:३० घण्टा

सामग्री : रातो र हरियो झण्डा, सिठ्ठी, स्टेशन कार्डहरू

**तरिका :**

**क) जाऊ खेल**

विद्यार्थीहरूलाई चउरमा लगेर गोलो घेरामा बसाउनुहोस् । एकजनालाई घेरा बाहिरबाट दौडँदै एउटा साथीलाई छोएर जाऊ भन्न लगाउनुहोस् । छोइएको साथी विपरित दिशातिरबाट दौडनुपर्छ । दुबैजना बीचमा भेटभएपछि एकआपसमा नमस्कार गर्ने , हात मिलाउने र आदरार्थी शब्दहरू

(तपाइँ, तिमी, हजुर

हाम्रो सानो रेल

गुड्नलाई तयार छ

गार्डले सुन लौ सिठ्ठी बजायो

गार्डले हरियो झण्डा देखायो

गुड्न थाल्यो हाम्रो रेल

छक..छक...छक..छक...

गार्डले रातो झण्डा देखायो ...पुरमा रोकियो ।

आदि) प्रयोग गरेर प्रश्नोत्तर गर्न लगाउनुहोस् । यसका लागि केही प्रश्नहरू बोर्डमा लेखेर राख्न पनि सक्नुहुन्छ । जस्तै, तपाईँको नाम के हो ? तपाइँको घर कहाँ छ ? हजुर कति वर्षको हुनुभयो ? हजुरको बुबाको नाम केहो ?, आदि ।

**ख) सरसफाइ खेल**

विद्यार्थीहरूलाई चउरमा लानुहोस् । दुईजनालाई हात जोडेर स्टेशनको गेट बनाउन र एकजनालाई टिकट जाँच्ने बन्न लगाउनुहोस् । बाँकी सबैजनालाई एकपछि अर्कोको कम्मरमा हातले समातेर रेलको डिब्बा बनाउनुहोस् । गीत गाउँदै हिड्न लगाउनुहोस् । स्टेशनको गेट नजिक पुगेपछि रातो झण्डा देखाउँदै स्टेशनको नाम भनेर रेल रोक्नुहोस् ।

टिकट जाँच्नेले एकएक गर्दै जाँच गर्न लगाउनुहोस् ।

जाँच गर्दा सफा भएकालाई स्टेशनको गेटबाट छिराउने र सफा नभएकालाई बाहिर रहन लगाउनुहोस् । सबैको जाँच सकिएपछि को को बाहिर रहे ? किन बाहिर हुनुपऱ्यो ? कसरी सफा हुने ? के ले सफा गर्ने ? अब कहिलेदेखि सधैं सफा हुने ? हात धुने चरणहरू केके हुन् ? आदि प्रश्नहरू स्टेशनको नामको आधारमा छलफल गर्नु गराउनुहोस् । सबैलाई रेलको डिब्बा बनाएर हिडाउँदै अर्को स्टेशनमा रोकेर जाँच गराउन लगाउनुहोस् र माथिका जस्तै प्रश्नहरू गरेर छलफल गराउनुहोस् । कम्तिमा हप्तामा एकपटक सरसफाइका प्रयोगात्मक क्रियाकलापहरू शिक्षकको उपस्थितिमा विद्यालयमा गराउनुहोस् ।

**६. शीर्षक : Memory game and materials development**

समय : एक घण्टा

समाग्री : चार्टपेपर, मार्कर पेन, ए–फोर पेपर, फेबिकोल, कैंची, स्केल, साइनपेन

पूर्वतयारी : एउटा :झयचथ नकभ को नमुना बनाउनुहोस् ।

विद्यार्थीहरूलाई सामग्री लिन लगाउनुहोस् । नमुना देखाउनुहोस् र आफूसंगै फोल्डर बनाउन लगाउनुहोस् । फोल्डरका छुट्टाछुट्टै पाँच पेजमा ABCDE बाट शुरु हुने सात सातओटा शब्दहरू पुस्तकमा खोजेर लेख्न लगाउनुहोस् । सामग्री तयार भएपछि दुई दुईजनाको जोडीमा बसाएर एकजनाको मात्र फोल्डर लिन लगाउनुहोस् । एकजनालाई पहिलो पेजको A बाट शुरुभएका शब्दहरू पढ्न लगाउनुहोस् । अब अर्को साथीलाई फोल्डरमा हेर्न लगाएर अघिको साथीलाई सम्झेजति शब्दहरू भन्न लगाउनुहोस् । अर्को साथीलाई पनि त्यस्तै गर्न लगाउनुहोस् । यसरी पालैपालो सबै पेजका शब्दहरू पढ्ने अभ्यास गर्न लगाउनुहोस् ।

फरक विद्यार्थीहरूलाई फरकफरक अक्षरबाट बन्ने शब्दहरू सङ्कलन गर्न लगाई सम्झना फोल्डर बनाएमा धेरै शब्दहरू सङ्कलन हुने र विद्यार्थीहरूलाई एक अर्काको फोल्डर साटासाट गरेर सम्झना खेलको अभ्यास गराउँदा थप शब्दभण्डारमा विकास हुन्छ ।

**७. बालकेन्द्रित सिकाइ प्रक्रियामा अवलम्वन गरिने तौर तरिकाहरू**

**क) प्रारम्भिक कक्षामा गर्ने क्रियाकलापहरू**

प्रारम्भिक कक्षा भनेको तयारी कक्षा हो । विद्यालय खुलेदेखि सुरुको हप्ता/दश दिनसम्मको कक्षालाई प्रारम्भिक कक्षा भनी बुझ्नुपर्छ । यस अवधिमा शिक्षकहरूले विद्यार्थीहरूलाई कक्षाप्रति आकर्षित गर्ने खालका क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ । कक्षाका नियमित क्रियाकलापमा अभ्यास गराउनु पर्छ । जस्तै :

- कक्षामा विद्यार्थीलाई स्वागत गर्ने ।
- कक्षाकोठाको बैठक सञ्चालन गर्ने ।
- एक आपसमा परिचय गराउने ।
- सन्देश पढ्ने, छलफल गर्ने ।
- कक्षाको समय जानकारी गराउने ।
- सहमत गराउने ।
- कक्षाको नियम बनाउने र पारित गर्ने ।
- कक्षामा कसले के काम गर्ने हो बाँडफाँड गर्ने ।
- विद्यालयको वातावरणसित परिचय गराउने ।

- बाल गीत अभ्यास गराउने ।
- कथा सुनाउने ।
- खेल खेलाउने ।
- समाचार आदान-प्रदान गराउने ।
- सामग्री बनाउने⁄ आदि ।

**ख) कक्षा सञ्चालन कार्य तालिका**

**ग) शिक्षक विद्यार्थी अन्तरक्रिया**

अन्तरक्रिया बालबालिकालाई कक्षामा डररहित वा मैत्रीपूर्ण वातावरणको सिर्जना गर्ने एउटा सशक्त उपाय हो । शिक्षकले कक्षामा प्रवेश गर्नेबित्तिकै "किताब झिक, पाठ पल्टाउ, पढ, लेख" भन्नुभन्दा एकछिन विद्यार्थीहरूसँग "सबैजना आयौ ? तिमीहरूलाई सन्चै छ ? तिमीहरूलाई विद्यालय आउन रमाइलो लाग्छ ? किन ?" आदि सम्बन्धित प्रश्नहरू गर्दै कुराकानी गर्नाले विद्यार्थीको डर हराउँछ । विद्यार्थीहरूले शिक्षकलाई अभिभावकत्वको रूपमा अनुभव गर्छन् । मैत्रीपूर्ण वातावरणको सिर्जना हुन्छ । विद्यार्थीहरू कक्षा क्रियाकलापका लागि तयार हुन्छन् । तसर्थ कक्षामा विद्यार्थीसितको अन्तरक्रिया अति आवश्यक हुन्छ ।

**घ) शिक्षकको सन्देश**

सन्देशले बालबालिकालाई दिनभरि गरिने क्रियाकलापबारे बुझ्ने मौका दिन्छ । विद्यार्थीहरू शारीरिक र मानसिक रूपमा क्रियाकलाप गर्नका लागि तयार हुन्छन् । सन्देशबाट कक्षा शुरूवात गर्दा कक्षाको वातावरण रोचक बन्न जान्छ । शिक्षक-विद्यार्थी बीचमा कुराकानीको सिलसिला शुरू गर्नलाई पनि मद्दत पुऱ्याउँछ । सन्देश पढेर कक्षा शुरूवात गर्दा विद्यार्थीहरूको भाषिक सीपको पनि विकास हुन्छ सन्देश शिक्षकको एक प्रकारको पाठनोट तथा योजना पनि हो ।

सन्देशको नमुना

सन्देश

सूचनामूलक (चाडपर्व, बिदा, घटना, परीक्षा, वर्षा, हिउँद, गर्मी, जाडो, गाउँ घरमा घटेका कुरा... आदि) । सरल र स्पष्ट, छोटो, विद्यार्थीको स्तर सुहाउँदो, दिनभरि गरिने क्रियाकलापहरू समेटिएको (सबै विषयको र मिति, सम्बोधन आदि ।

**ङ) समाचार आदान-प्रदान**

विद्यार्थीहरूले घर परिवार, समुदाय, बाटो वा कुनै ठाउँमा देखेका, सुनेका, थाहा पाएका र अनुभव गरेका नयाँ कुरा (खानेकुरा, लगाउने कुरा, घरमा आएको पाहुना, नयाँ सामान, नयाँ जानकारी यस्तै अन्य नयाँ कुराहरू) कक्षामा साथीहरूलाई समाचारको रूपमा सुनाउने कार्य "समाचार आदान-प्रदान" हो ।

– एक दिनमा ३/४ जना साथीहरूले समाचार सुनाउँछन् ।

– अन्य साथीहरूले समाचार सम्बन्धमा थप जानकारी लिनका लागि प्रश्न सोध्छन् ।

– समाचार भन्नेले साथीहरूको प्रश्नको जवाफ दिन्छन् ।

– यो क्रियाकलाप साप्ताहिक तालिका अनुसार दैनिक रुपमा सञ्चालन हुन्छ ।

समाचार सुनाउने विद्यार्थी अगाडि आउँछ। आफ्नो समाचार १/२ मिनेटमा सुनाउँछ। अर्को १/२ मिनेट भित्र प्रश्नोत्तर कार्य सकिन्छ । एवम् क्रमले २/३ जना विद्यार्थीले समाचार सुनाउँछन् । विद्यार्थीहरू समाचार सुनाउन सक्ने नहुञ्जेल शिक्षकले आफैं समाचार बनाएर सुनाउनु पर्छ। यसबाट विद्यार्थीहरूमा अरुको कुरा धैर्यपूर्वक सुन्ने र प्रश्नोत्तर गर्ने सीपको विकास हुन्छ।

च) शिक्षण सिकाइ क्रियाकलाप

शिक्षकहरूलाई कक्षाकोठामा प्रयोगमा आउने विषयगत क्रियाकलाप सञ्चालन गर्न मद्दत पुग्ने तालिम दिइन्छ । तालिममा सिकेअनुसार उनीहरूले बालबालिकालाई सहभागी गराएर पाठयोजना तयार गरी दैनिक रुपमा विषयगत क्रियाकलाप सञ्चालन गर्छन् । क्रियाकलाप सञ्चालन गर्दा निम्नलिखित कुराहरूलाई विशेष ध्यान दिनुपर्छ।

– प्रगति अभिलेख विवरण राख्ने ।

– नियमित अभिभावकको बैठक सञ्चालन गर्ने ।

– सामग्री निर्माण गर्ने ।

– सिकाइ उपलब्धिको आधारमा मासिक पाठयोजना बनाइ कक्षामा टाँस्ने र सो अनुसार कक्षा सञ्चालन गर्ने ।

छ) कक्षाकोठामा नियम निर्माण र प्रयोग

बालमैत्री विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा कक्षा कोठा सम्बन्धी नियम तयार गरी कार्यान्वयन गर्नु राम्रो हुन्छ । यसका लागि देहाय बमोजिम गर्नु पर्नेछ ।

१. कक्षाकोठा नियम निर्माणमा सबै विद्यार्थीको समान र सक्रिय सहभागिता गराउनुहोस् ।

२. विद्यार्थीहरूको कल्याण तथा हित र सुरक्षा हुने खालका नियमहरू निर्माण गर्न सहजीकरण गर्नुहोस् ।

३. नियम निर्माण गर्नुको कारण र औचित्य सबै विद्यार्थीहरूले बुझ्छन् भन्ने सुनिश्चित गर्नुहोस् ।

४. नियमका अपवादहरू विद्यार्थीहरूले बुझ्छन् भन्ने निश्चित गर्नुहोस् ।

५. नियमहरू सकारात्मक र कार्यमुखी बनाउनुहोस् ।

६. नियमहरूले विद्यार्थीहरूलाई हुर्काउँछ, बढाउँछ भन्ने कुरामा निश्चित गर्नुहोस् ।

७. लागू हुन वा गर्न सकिने नियम मात्र बनाउन सहजीकरण गर्नुहोस् ।

८. कक्षाकोठा नियम तयार गर्दा शिक्षक, विद्यार्थी र व्यवस्थापनको भूमिका समेतलाई ध्यान दिनुहोस् ।

कक्षाकोठा नियमहरूको सहजीकरण गर्ने तरिकाहरू

१. सिकारुमैत्री कक्षाकोठा कस्तो हुन्छ ? बताउन लगाउनुहोस् । सिकारुलाई व्यक्तिगत रूपमा उनीहरूले राम्रोसँग सिकेका कक्षाकोठाको कल्पना गर्न लगाउनुहोस् । प्रत्येक व्यक्ति/समूहलाई आफ्नो अनुभव प्रस्तुत गर्न लगाउनुहोस् । सबैका साझा र फरक विचारहरू केके भेटिए ? छलफल गर्न लगाउनुहोस् ।

२. एउटा आदर्श कक्षा सञ्चालन गर्न केके सिद्धान्त र नियमहरूको आवश्यकता पर्दछ ? समूहबाट उत्तर खोज्न लगाउनुहोस् । साझा बुँदाहरूको टिपोट गर्नुहोस् ।

३. प्रत्येक व्यक्ति वा समूहलाई कक्षाकोठामा हुने नियमहरू लेख्न लगाउनुहोस् । सबैबाट प्राप्त नियमहरू सङ्कलन गरेपछि फेरि सबैलाई सोध्नुहोस् - के यी सबै नियमहरू आवश्यक छन् ? छैनन् भने कुनकुन झिक्नुपर्छ भनी झिक्न र थप्न लगाउनुहोस् ।

४. विद्यार्थीहरूको सहभागितामा निर्माण गरिएको कक्षाकोठाका नियमहरू अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अरू शिक्षाविद्हरूसँग छलफल गरी आवश्यक सुधार गर्न पर्ने देखिएमा सो पनि गर्नुहोस् ।

५. निर्माण गरेको नियमलाई सबैले देख्ने गरी कक्षाकोठामा झुण्डाएर राख्नुहोस् । समस्याहरू देखिए भने पहिला बनाएको नियमलाई पुनः परिमार्जन गर्नुहोस् ।

**सहजीकरणका लागि केही खेलहरु**

१. ५, ४, ३, २, १ खेल : एउटा वेलुनमा हावा भर्ने । ४।५ जनाको समुह खुला ठाँउमा उभिन लगाउने । वेलुनलाई माथि फाल्ने । सहभागीहरुले १, २, ३, ४, ५ गरी गन्ती गर्दै पालै पालो वेलुनलाई माथि हान्नेछन् । यसरी हान्दा पहिलो चक्र ५ सम्म पुगिसकेपछि दोस्रो चक्र शुरु हुन्छ । दोस्रो चक्रमा ४ सम्म र त्यसै गरी तेस्रो चक्रमा ३ सम्म मात्र पुगिन्छ । एक चक्रमा १ जनाले एक पटक भन्दा वढि पटक हान्न पाउने छैन । एउटै अंगले क्रमश दुईपटक हान्न पाईने छैन ।

२. Danger zone game : कागजको पोका (वमको रुपमा) विच्छ्याउने । हलको एक छेउ देखि अर्को छेउ सम्म वममा नटेकी जाने लक्ष्य निर्धारण गर्ने । एक जना सहभागीको आँखामा पट्टी वाँधेर हिड्न लगाउने । सही दिशामा हिड्दै गर्दा अरु सहभागीहरुले तालीको आवाज वढाउने र गलत दिशामा जाँदा तालीको आवाज घटाउने गर्नु पर्छ । लक्ष्यमा पुगे नपुगेको आधारमा खेलको मुल्याङ्कन गरिन्छ ।

३. अनुमान खेल : सहभागीहरुवाट देश विदेशमा चर्चित व्यक्तिहरुको नाम भन्न लगाउने र वोर्डमा टिप्दै जाने । सहभागीहरुमध्ये एकलाई वोर्डमा लेखिएका नामहरु मध्ये एक जना आफु भएको अनुमान गर्न लगाउने । अन्य सहभागीहरुले विभिन्न विषेशताहरुको आधारमा तिमी यसो गर्छौ ? उसो गर्छौ ? भनी सोध्दै जाने र अन्तमा उ को हो भनी अनुमान गर्ने ।

४. Ball pass game : पाठ शिक्षण गरी सकेपछि consolidation का लागि यो खेल खेलाउन सकिन्छ । विद्यार्थीहरुलाई गोलो घेरामा राखौं । music वजाउने र सँगै वल पास गराउने । music वन्द गर्ने, यतिवेला जसको हातमा वल छ उसले पाठमा सिकेको एउटा कुरा वताउनेछ । यसै गरी फेरी music वजाउने, रोक्ने, भन्न लगाउने क्रमश सवै विद्यार्थीहरुले भन्ने अवसर पाउने कुरामा ख्याल गर्नुहोस् ।

५. अगिल्लो दिनलाई फर्केर हेर्दा : स्वमूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारी माध्यम हो । विद्यार्थीहरुलाई अघिल्लो दिन गरिएका क्रियाकलापको समयरेखा तयार गर्न लगाउनुहोस् । उक्त दिनमा गरिएका क्रियाकलापहरुका वारेमा सवल पक्ष र कमजारी पक्षका वारेमा नोट गर्न लगाउनुहोस् । आगामी दिनमा निरन्तरता दिनु पर्ने र त्याग्नु पर्ने वानीहरु मनन गर्न लगाउनुहोस् । यो क्रियाकलापवाट वालवालिकाहरुमा असल वानी विकास गर्न सहयोग गर्छ ।

६. रमाइलो हिसाव : सात जना साथीहरु एउटा वसमा यात्रा गरीरहेका थिए । कन्डक्टरले ४/४ रुपियाका दरले भाडा मागेछ । एक जनाले रु २८ झिकेर पैसा दिएछ । पछि अरुसाथीहरुवाट १३/१३ रुपियाका दरले मागेछ । ७ जनाको १३/१३ का दरले कसरी २८ हुन्छ ?




७. Ring pass game : विद्यार्थीहरुलाई समुहमा विभाजन गर्ने । हरेक समुहलाई फरक फरक लाइनमा राख्ने । सवैको मुखमा कलम राख्न लगाउने । कलमको सहायताले एक छेउवाट अर्को छेउसम्म रिङ वा चुरा पास गर्न लगाउने ।

८. तालिममा सिकेको कुरा हस्तान्तरणमा चुहावट भएको देखाउन अनुकरण खेल : एउटा कागजमा केही कुरा लेखी सहभागीहरु मध्ये एकलाई मात्र देखाउने र सँगैको अर्को साथीलाई सुटुक्क भन्न लगाउने । क्रमशः उही खवर पास गर्न लागाउने

९. बाघ, सुन्दरी र शिकारी खेल : विद्यार्थीहरुलाई दुई समुहमा विभाजन गर्ने । आ-आफ्ना समुहमा वाघ, सुन्दरी वा शिकारी के वन्ने भन्ने छलफल गरी एक्कासी जम्काभेट गर्न लगाउने । यदि वाघ र सुन्दरी भए वाघले जित्छ, वाध र शिकारी भए शिकारीले जित्छ, शिकारी र सुन्दरी भए सुन्दरीले जित्छ । यो खेल धेरै पटक खेलिसकेपछि जुन समुहको धेरै अंक आउँछ त्यो समुहले जित्छ ।

१०. Thank you game : शरिरका सवै अंगहरुलाई धन्यवाद दिने ।

११. Clap game : सहभागीहरुलाई गोलो घेरामा राख्ने । एक जनाले एक ताली वजाउने, क्रमश clockwise direction मा एक ताली वजाउदै अघि वढ्दै जाने । यदि कुनै एक सहभागीले दुई ताली वजाएमा direction change हुन्छ । यदि change गर्न नसकेमा out हुन्छ । यसरी game वाट out हुँदै जाँदा अन्तमा वाँकी भएको ३ जना विजेता हुनेछ ।

१२. Clips game : पहिलो चरण : सवैलाई वरावर मात्रामा clips (३/३ वा ४/४) उपलब्ध गराउने । आफ्नो शरीरमा टाँस्न लगाउने । पहिलो चरणमा सहभागीहरुलाई अरुको clip चोरेर आफ्नोमा टाँस्ने । आफ्नो शरीरमा सवैभन्दा धेरै कसले टाँस्न सक्यो ?

दोस्रो चरण : अव आफ्नो शरीरको clip अरुको शरीरमा टाँस्न थाल्ने । जसले चाँडो सवै clip अरुको शरीरमा टाँस्न सक्छ उ विजेता हुन्छ ।

१३. Reporting गर्ने तरिका : अघिल्लो दिनको प्रत्येक समुहका एक एक जना सहभागीहरुलाई एक एक सत्रको reporting गर्न लगाउने ।

१४. प्याजको डल्ला : कागजको पत्र पत्रमा प्रश्नहरु लेख्ने । गोलोमा सहभागीहरुलाई उभिन लगाई क्रमशः वल पास गर्दै जाने र एउटा पत्र निकाली त्यसमा लेखिएको प्रश्न वारे छलफल गर्दै जाने ।

१५. Review गर्ने ३, २, १ विधि : ३ वटा सिकेको कुरा, २ वटा राम्रा कुरा र एउटा सुधार गर्नु पर्ने कुरा quick write गर्न लगाउने । र sharing गर्ने ।

१६. spider web : पाठमा सिकेको ज्ञान consolidate गर्न र समुहमा एकताको भाव विकास गर्न सकिन्छ । विद्यार्थीहरुलाई घेरामा राखी एउटा उनीको धागो दिनुहोस् । पाठमा सिकेको एउटा कुरा भन्दै साथीको नाम उच्चारण गरी वल तेतै तिर फाल्छन् तर धागोको छेउ भने आफैले समाउँछ । यसरी भन्दै धागोको छेउ समातेर साथीलाई फाल्दै जाँदा जालो वन्छ । यसवाट एकताभाव रहेको कुरा सिकाउन सकिन्छ ।

१७. स्थानमान तालिका सिकाउने खेल : एक, दश, सय, हजारका लागि वृतहरु वनाउँ र विद्यार्थीहरुलाई सिक्का हान्न लगाउँ ।




१८. वाँड हान्ने खेल : माथिको जस्तै तर भित्तामा वृत वनाएर साइनपेन हान्न लगाउने ।

१९. वेलुन फुटाउने खेल : सवै सहभागीहरुको गोडामा एक एक वटा वेलुन वाँध्ने । आफ्नो वेलुन जोगाएर अरुको फुटाउन खोज्ने । अन्तमा जसको वाँकी हुन्छ उ विजेता हुन्छ ।

२०. treasure hunt : सहभागीहरुलाई समुहमा विभाजन गर्ने । समुहका दुई जना मध्ये एक लाई कुनै वस्तु दिएर वाहिर गएर लुकाउन लगाउने । भित्र आइ साथीलाई अंग्रेजीमा निर्देशन दिन लगाउने । निर्देशन पाएका साथीले वस्तु खोजेर ल्याउनु पर्छ ।

२१. visual सक्षमता परिक्षण : करिव २५/३० वटा सामानहरु जम्मा गर्नुहोस् । एक एक गरी देखाउँदै नाम भन्नुहोस् । अव सवै सामान लुकाउनुहोस् र २ मिनेटमा कति सामान सम्भिmन सकिन्छ लेख्न लगाउनुहोस् ।

२२. practical approach gives clear concept : ५ जना साथीहरु एक आपसमा हात मिलाउँदा कति पटक हात मिलाइन्छ ? प्रश्न सोध्नुहोस् । सहभागीहरुका उत्तर संकलन गर्नुहोस् । यसलाई प्रयोगात्मक रुपमा प्रदर्शन गनुहोस् र प्रष्ट पार्नुहोस् ।

२३. Brain storming : कुनै वगैंचामा वर्गाकार रुपमा मिलाएर १४४ वटा रुखहरु रोपिएका छन् । वगैंचाको वरिपरि जम्मा कति वटा विरुवाहरु होलान् ?

**कक्षाकोठामा गर्न सकिने विज्ञान विषयका केही कियाकलापहरु**

**१. आगो बाल्न अक्सिजन चाहिन्छ**

यसको लागि तपाइलाई एउटा मैन वत्ति र सिसा/काँचको जार चाहिन्छ ।

१. मैनवत्ति बाल्नुहोस र आगोको ज्वाला हेर्नुहोस् ।
२. हल्का/विस्तारै फुक्नुहोस र ज्वालाहरु चारैतिर गएको हेर्नुहोस् ।
३. वेस्करी फुक्नुहोस्, यो निभ्छ किन ? किनभने चिसो हावा धेरै भएर ।
४. मैनवत्ति फेरी बाल्नुहोस् । हाला छेक्न बलेको मैन वत्तिलाई जारले छोपी दिनुहोस अनि के हुन्छ होल ? भनि अनुमान गर्न लगाउनुहोस् । मैनवत्ति विस्तारै निभ्दै गरेको देख्नुहुन्छ । किन ?

आगो बाल्दा कसरी हालमा भएको अक्सिजनको प्रयोग हुन्छ भनि वताउनुहोस् ।

**पछिल्लो चरण**

विभिन्न नापको दुइ वा तिन जार प्रयोग गर्नुहोस् र मैनवत्ति निभ्न लाग्ने समयको अभिलेख राख्दै परीक्षणलाई दोहोऱ्याउनुहोस् । ठूलो जार भित्रको मैनवत्ति किन लामो समय बलि राख्यो ? भनि बताउनुहोस् ।

**२. अंकुरणको लागि अवस्थाहरु**

विउ उम्रन/अंकुरणका लागि पानी र सूर्यको प्रकाश चाहिन्छ भनि प्रस्ट्याउने सामान्य र छरितो तरिका :

- केही बोडि/सिमिको गेडाहरु लिनुहोस्, सम्भव भए गत वर्षको पुरानो राम्रो हुन्छ किनकी नयाँ बोडीहरु निकै ढिलो उम्रन्छन् । १ दिन अघि पानीमा भिजाउनुहोस् ।
- एउटा कमलो कोरा सुतीको कपडा वा पानी सोस्ने टिस्यु पेपर तयार राख्नुहोस् ।
- एउटा सफा गिलास वा प्लाष्टिकको जार पनि तयार राख्नुहोस्, बोडीलाई जारको छेउ पट्टी रोप्नुहोस् ताकि तपाइ त्यसलाई छेउबाट देख्न सक्नुहुन्छ । ती वीउहरु छिट्टै अंकुरित हुन्छन् र केहि दिनमै १ से.मी. बढ्न सक्छन् । बाहिरको बोक्रा कसरी निस्कन्छन्, जरा तलतिर कसरी बढ्छ र टुसा, पात हाल्दै माथितिर कसरी बढ्छ ? भनि ध्यान दिनुहोस् ।
- कुन पहिला बढ्छ ? टुसा की जरा ? तपाई यो प्रक्रियामा चटक गर्न सक्नुहुन्छ, जरालाई उल्टाई दिनुहोस्, यसो गर्दा जराले आफ्नो दिशा परिवर्तन गरेको देख्न सक्नुहुन्छ । किन होला ?

**अन्य परीक्षण १**

